पाठ २३

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**आराधना** (२० मिनेट)	**[परमेश्वरको विशेषता]** **परमेश्वर अनुग्रही हुनुहुन्छ**

मनन गर्नुहोस्।
परमेश्वर अनुग्रही हुनुहुन्छ भन्ने बारेको शिक्षा पढ्नुहोस् अथवा सिकाउनुहोस्।

१. फरिसीहरूको परम्पराहरू

मर्कूस ७:१-२३ पढ्नुहोस्। फरिसीहरू निकै 'धार्मिक' देखिन्थे। तिनीहरू हरेक दिन तीनपटक प्रार्थना गर्थे, हरेक हप्ताको दुई दिन उपवास बस्थे, आफ्नो सबैभन्दा सानो सम्पत्तिको पनि दशांश मन्दिरमा दिन्थे अनि आफैले बनाएका ६१३ वटा विधि, नियम र व्यवस्थाहरू पालना गर्ने कोसिस गर्थे। फरिसीहरू निकै धार्मिक भए तापनि स्वतन्त्र भने थिएनन्! तिनीहरू पापको दास थिए (यूहन्ना ८:३४) र साथै तिनीहरू मानिसले बनाएका नियम अथवा व्यवस्थाहरूको दास थिए (यशैया २९:१३)!

२. आधुनिक इसाईहरूका केही परम्पराहरू


मर्कूस ७:७ पढ्नुहोस्। "तिनीहरू व्यर्थमा मेरो उपासना गर्दछन्, तर तिनीहरूका शिक्षा मानिसहरूले सिकाएका विधि मात्र हुन्।" यसै गरी केही इसाई मण्डलीहरूले तिनीहरूका सदस्यहरूलाई हरेक दिन तिनीहरूको मण्डलीमा सहभागी गराउँछन्, प्रभुको दिनको दुई वटा सेवाहरूमा उपस्थित गराउँछन्, विशेष किसिमको आराधना अथवा बप्तिस्मा गर्न लगाउँछन्, मण्डलीमा आउँदा विशेष किसिमको पोशाक लाउन लगाउँछन्, मण्डलीमा सदस्यहरूलाई तिनीहरूको आम्दानीको निश्चित प्रतिसत रकम दिन लगाउँछन्, पास्टर अथवा एल्डरहरूले भनेको हरेक कुरा पालना गर्न लगाउँछन्, बाइबलमा स्पष्टसँग आधारित नभएका केही अनावश्यक सिद्धान्तहरूमा विश्वास गर्न लगाउँछन् र हरेक दिन तिनीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउँछन् आदि।

यद्यपि त्यस्ता आवश्यक्ताहरू बाइबलले नसिकाए तापनि केही इसाई मण्डलीहरूले आफ्ना नयाँ सदस्यहरूको लागि नयाँ आवश्यक्ताहरू, नयाँ नियमहरू अथवा नयाँ व्यवस्थाहरू विकास गर्दछन् अनि तिनीहरूका सदस्यहरूलाई "म परमेश्वरको अनुग्रहको अधिनमा जिउन चाहन्छु" भन्न लगाउनुको सट्टामा "मैले मण्डलीमा प्रचलित मानिसले बनाएका व्यवस्थाहरूको अधिनमा जिउनैपर्छ" भनी भन्न लगाउँछन्।


३. व्यवस्थाको अधिनमा रहनु अथवा अनुग्रहको अधिनमा रहनु

यूहन्ना १:१६१७; रोमी ५:१२,१७-१८; ६:१४ पढ्नुहोस्। इसाईहरू 'व्यवस्थाको अधिनमा होइन तर अनुग्रहको अधिनमा हुन्छन्!'

- **वैधानिकरूपमा व्यवस्थाको मुनि रहनु**

आदम  जन्मद्वारा शारीरिकरूपमा आदमसँग जोडिएका सबै मानिसहरू व्यवस्थाको मुनि खडा छन् र तिनीहरू पाप र मृत्यको दासहरू हुन्।	परमेश्वर पवित्र र धर्मी हुनुभएकोले उहाँका सबै नैतिक व्यवस्थाहरू पूर्णरूपमा पालना गर्नैपर्छ र उहाँका नैतिक व्यवस्थाहरू उलङ्घन गर्ने सबैले पूर्णरूपमा दण्ड पाउनेछन्। सबै मानिसहरू तिनीहरूका स्वभाविक अवस्थामा वैधानिकरूपमा 'व्यवस्थाको अधिनमा' छन्। अनि सबै मानिसहरूले पाप गरेका हुनाले (रोमी ३:२३), ती सबै मानिसहरू दोषी भएर खडा भएका छन् (गलाती ३:१०; याकूब २:१०)।

- **वैधानिकरूपमा अनुग्रहको मुनि रहनु**

ख्रीष्ट  विश्वासद्वारा आत्मिकरूपमा ख्रीष्टसँग जोडिएका सबै मानिसहरू पूर्णरूपमा धर्मी ठहरिएर अनुग्रहको मुनि खडा हुन्छन्।	तर परमेश्वर प्रेमिलो हुनुभएकोले येशू ख्रीष्टमा विश्वास गर्ने हरेक व्यक्तिको निम्ति उहाँले पूर्ण पश्चाताप गर्नुभयो (रोमी ३:२४-२५)। येशू ख्रीष्ट हाम्रो ठाउँमा हुनुभएर परमेश्वरको व्यवस्थाले माग गरेको धार्मिकतालाई पूरा गर्नुभयो (२ कोरिन्थी ५:२१)। येशू ख्रीष्टमा विश्वास गर्ने सबै मानिसहरू अब वैधानिकरूपमा व्यवस्थाको मुनि होइन तर अनुग्रहको मुनि छन्!

पापसँग सङ्घर्ष गर्ने इसाईहरूलाई उत्साहित गर्न प्रेरित पावल निश्चितसँग भन्दछन्, कि अब तिनीहरू आफूभित्रको अथवा आफूबाहिरको पापको शासनको मुनि जिउनेछैनन्। तिनीहरू परमेश्वरको धार्मिक माग हो भनी अब व्यवस्थाको मुनि जिउँदैनन् तर अनुग्रहको मुनि जिउँछन्, जुन हामी योग्य नहुँदा पनि परमेश्वरले सित्तैँमा दिनुहुने उपहार हो। जोहरू अझै व्यवस्थाको मुनि जिउछन् (वैधानिकरूपमा), र अझै क्षमा पाएर धर्मी ठहरिएका छैनन् र परमेश्वरसँग पुनर्मिलाप भएका छैनन्, तिनीहरू कहिले पनि सिद्ध हुन सक्दैनन्! तैपनि, जोहरू अनुग्रहको मुनि जिउँछन् (वैधानिकरूपमा), र क्षमा पाएका छन्, धर्मी ठहरिएका छन् र परमेश्वरसँग पुनर्मिलाप भएको छन्, तिनीहरू निरन्तर पापमा जिउन सक्दैनन्, पापमा जिउन चाहँदैनन् र पापमा जिउनेछैनन्! कुनै व्यक्ति यो संसारमा सिद्ध भएर नयाँ जीवन जिउनको लागि उसले परमेश्वरले येशू ख्रीष्टमा दिनुभएको अनुग्रहलाई ग्रहण गर्नु आवश्यक छ।

- **भावनात्मकरूपमा व्यवस्थाको मुनि रहनु**

जब कुनै इसाई अथवा इसाई मण्डलीले आफ्ना सदस्यहरूलाई मानिसले बनाएको नियमहरू पालन गर्न लगाउँछ, तब स्वतन्त्र इसाईहरूलाई तिनीहरूले फेरि एकपटक दासहरू बनाउँछन्! मण्डलीमा यी सबै मानिसले बनाएका नियमहरूले त्यसको सदस्यहरूलाई फेरि भावनात्मकरूपमा व्यवस्थाको मुनि ल्याउँछ। भावनात्मकरूपमा व्यवस्थाको अधिनमा हुनु भनेको माग गरिएका केही कुराहरू गर्नु पर्छ भनी इसाईले महसुस गर्नु हो अथवा केही दायित्वहरू पूरा गर्नु हो। मानिसले बनाएका त्यस्ता मागहरू, नियमहरू अथवा व्यवस्थाहरूले दायित्व, अनिवार्यता र कर्तव्यलाई प्रकट गर्छ, जसको अर्थ आफू कसरी जिउने भन्ने कुरा इसाईले रोज्न पाउँदैन! त्यस्तो मण्डलीका सदस्यले आफू त्यो मण्डलीमा स्वीकार गरिनको लागि तिनीहरूले कसरी जिउने भनी बनाएका नियमहरू पालन गर्नुपर्छ! जब ऊ ती मानिसले बनाएका मागहरू, नियमहरू र व्यवस्थाहरू पालना गर्न असफल हुन्छ, तब मण्डलीका अगुवाहरू र अरू सदस्यहरूले उसलाई 'अनाज्ञाकारी इसाई', 'अनात्मिक इसाई' अथवा 'धेरै खराब व्यक्ति' भनेर दोष लगाउँछन् र त्यसको फलस्वरूप उसले 'म त्यस्तै हुँ' भनी सम्झेर निराश हुने गर्छ!

जब उक्त इसाईले मानिसले बनाएका ती व्यवस्थाहरू, मागहरू अथवा नियमहरू पालना गर्दैन, तब उसलाई भावनात्मकरूपमा परमेश्वर र अरू इसाईहरूले अब उसलाई प्रेम गर्दैनन् भनी महसुस गराइन्छ! तसर्थ त्यस्ता खराब अनि दोषी भावनाहरू हटाउनको निम्ति त्यो इसाईले बलजफती उक्त मण्डलीले बनाएका व्यवस्थाहरू, मागहरू र नियमहरू पालना गर्छ। जब ऊ भावनात्मकरूपमा त्यस्तो व्यवस्थाको अधिनमा जिउँछ, तब ती नियमहरू बनाउने अगुवाहरू र मण्डलीका सदस्यहरूको नजरमा आफू कस्तो देखिन्छु भन्ने कुरामा उसले ध्यान केन्द्रित गर्न थाल्छ! यसरी यो इसाई अब मानिसले बनाएका नियमहरूको मात्र दास बन्दैन तर ती नियमहरू बनाउने व्यक्तिहरूको पनि दास बन्दछ! यदि हामी अझै मानिसहरूलाई प्रसन्न पार्न कोसिस गर्दछौँ भने ख्रीष्टको सेवक हुन सक्दैनौँ भनी बाइबलले चेताउनी दिन्छ (गलाती १:१०)!

- **भावनात्मकरूपमा अनुग्रहको अधिनमा रहनु**

वैधानिकरूपमा ख्रीष्टमा विश्वास गर्ने व्यक्ति अब उप्रान्त परमेश्वरको दोष लगाउने व्यवस्थाको अधिनमा हुँदैन। परमेश्वरले उसलाई हेर्नुहुँदा उसमा येशू ख्रीष्टको धार्मिकता मात्र देख्नुहुन्छ (२ कोरिन्थी ५:२१)। वैधानिकरूपमा इसाई अब परमेश्वरको व्यवस्थाको मुनि होइन तर परमेश्वरको अनुग्रहको मुनि हुन्छ। त्यसैगरी भावनात्मकरूपमा र प्रयोगात्मकरूपमा ख्रीष्टमा विश्वास गर्ने व्यक्ति अब उप्रान्त आफूलाई नराम्रो महसुस गराउने र दोषी बनाउने मानिसले बनाएका व्यवस्थाको मुनि रहँदैन। भावनात्मकरूपमा इसाई मानिसले बनाएको व्यवस्थाको अधिनमा जिउँदैन तर परमेश्वरको अनुग्रहको अधिनमा जिउँछ! यद्यपि ऊ कुनै कारणवश कुनै विशेष पापमा फसिहाल्यो भने पनि उसले परमेश्वर र अन्य दाजुभाइ तथा दिदीबहिनीहरूको प्रेम गुमाएको छु भनी महसुस गर्नु आवश्यक छैन।

ख्रीष्टमा विश्वास गर्ने व्यक्तिको पापको परिणाम कहिले पनि दोष, दण्ड अथवा परमेश्वरको तिरस्कार होइन तर ऊ परमेश्वरसँगको सङ्गतिबाट अलग हुनु हो! तसर्थ, कुनै इसाई कुनै विशेष पापमा पर्दा, उसँग सधैँ तुरुन्तै परमेश्वरको अनुग्रहको अधिनतामा फर्केर आई जिउने छनौट हुन्छ, जसको मतलब उसले परमेश्वरसँग पुनर्मिलाप गर्न सक्छ! इसाईसँग सधैँ इसाई जीवन जिउने कि नजिउने भनेर छान्ने स्वतन्त्रता हुन्छ, त्यसैगरी प्रेम गर्ने कि नगर्ने, अनि दोष, डर र खराबीपन अनि त्यसैगरी दोषको दासत्वमा रहने, दोषी बन्ने, डर र खराबीपनजस्ता कुराहरूलाई छान्ने स्वतन्त्रता हुन्छ।

ऊ भावनात्मकरूपमा अनुग्रहको अधिनमा जिउँदा उसले परमेश्वरतर्फ र अर्को व्यक्तितर्फ के गरेको छ भन्ने कुरामा ध्यान केन्द्रित गर्छ। उसले तुरुन्तै परमेश्वरतिर फर्केर आफ्नो प्रेमरहित आचरणलाई स्वीकार गरी क्षमादान प्राप्त गर्नुपर्छ। अनि त्यसपछि उसले निरन्तर परमेश्वरसँगको सङ्गतिमा जिउनुपर्छ (१ यूहन्ना १:९)।

ख्रीष्टले गर्नुभएको पूरा मुक्तिको कामद्वारा तपाईं वैधानिकरूपमा अनुग्रहको मुनि हुनुहुन्छ। तपाईं पहिले नै धर्मी ठहरिसक्नुभएको छ! जब तपाईं पापमा पर्नुहुन्छ, तुरुन्तै परमेश्वरतिर फर्किनुहोस्, आफ्नो पाप स्वीकार गर्नुहोस् र निरन्तर परमेश्वरसँग सङ्गति गर्नुहोस्। तपाईं भावनात्मकरूपमा अनुग्रहको अधिनमा हुनुपर्नेछ। यसरी तपाईं सिद्ध पारिनु हुनेछ!

आराधना गर्नुहोस्।
अनुग्रही विशेषताको निम्ति परमेश्वरको आराधना गर्नुहोस्! आफू अयोग्य हुँदा पनि उहाँले तपाईंप्रति देखानुभएको अनुग्रह, दया र भलाइको निम्ति उहाँको आराधना गर्नुहोस्। तीन-तीन जनाको सानो समूहमा रहेर आराधना गर्नुहोस्।

३	**सिकेको कुरा बाँड्नु** (२० मिनेट)	**[शान्त समय]** **रोमी ९-१२ अध्यायहरू**

तोकिएको बाइबल खण्ड (रोमी ९-१२ अध्यायहरू) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा, के कुरा सिक्नुभएको छ, त्यसबाट छोटकरीमा पालैपालो बाँड्नुहोस् (अथवा तपाईंको नोटबुकबाट पढ्नुहोस्)।
अरूले बाँड्दैगरेको कुरा सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

४	**शिक्षा** (७० मिनेट)	**[चेलापन]** **चेलाको विशेषताहरू**

क. नयाँ करारमा 'चेला' भन्ने शब्दको अर्थ

१. चेला भनेको शिक्षक अथवा समूहको अगुवाको अनुयायी हो

मर्कूस २:१८; लूका ६:१७; यूहन्ना ६:६०,६६; ९:२८ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - यी खण्डहरूमा 'चेला' भन्ने शब्दको अर्थ के हो?
टिप्पणी - प्राचीन समयमा दार्शनिकहरू र धार्मिक अगुवाहरूका चेलाहरू हुन्थे। फरिसीहरूका पनि चेलाहरू थिए। बप्तिस्मा दिने यूहन्नाको चेलाहरू थिए अनि येशूसँग पनि चेलाहरूका ठूलो भीड थियो। यी खण्डहरूमा भएको चेला भन्ने शब्दको अर्थ विशेष शिक्षक अथवा समूहको अगुवाको अनुयायी, साथ दिने, अथवा पछ्याउने व्यक्ति भनेर बुझिन्छ। जेजस्तो भए तापनि सुरुमा धेरै मानिसहरूले येशूलाई पछ्याए तर पछि गएर तिनीहरूले उहाँलाई पछ्याउन छोडे। त्यस्तो हुनुको कारण के थियो भने तिनीहरूले साँचो चेलापनमा होइन तर येशूले गरेका आश्चर्यकर्महरूमा मात्र अभिरुचि राख्दथे। तिनीहरू साँचो चेलापनको मूल्य चुकाउन इच्छुक थिएनन्।

२. इसाई हुनु भनेको चेला हुनु हो

प्रेरित ६:७; ९:१-२,१९; ११:२६; १४:२१-२२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - यी खण्डहरूमा 'चेला' भन्ने शब्दको अर्थ के हो?
टिप्पणी - इसाई मण्डलीको सुरुको इतिहासमा कहिलेकाहिँ इसाईहरूलाई बाटोका मानिसहरू भनिन्थ्यो। प्रायजसो समयहरूमा तिनीहरूलाई चेलाहरू भनिन्थ्यो। चेला भन्ने शब्द नयाँ धार्मिक समुदायको सदस्यलाई चिनाउन प्रयोग गरिन्छ र यसको अर्थ इसाई भन्ने शब्दसँग मिल्दछ।

सारंश - चेला भनेको विशेषगरी येशू ख्रीष्टलाई पछ्याउने र उहाँबाट सिक्ने विशेष किसिमका विशेषताहरू भएका मानिसहरू हुन्। (तलको 'ख' को लेख हेर्नुहोस्)

ख. चेलाको विशेष विशेषताहरू

परिचय दिनुहोस् - चेला भनेको येशू ख्रीष्टबाट सिक्ने र उहाँलाई पछ्याउने विशेष चरित्रहरू भएका मानिसहरू हुन्।

१. येशूको साँचो चेलाले येशू ख्रीष्टलाई पछ्याउँछ

यूहन्ना १:३५-५१; लूका ५:१-११; मर्कूस ३:१३-१५ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेला भनेको के हो?
टिप्पणी - येशूको निमन्त्रणालाई ध्यान दिनुहोस्, "आएर हेर" अनि "मेरो पछि लाग"। येशूले चेलाहरूलाई दिनुभएको बोलावटमा उहाँ जहाँ-जहाँ जानुहुन्छ, तिनीहरू पनि 'येशूको साथमा' जानुपर्ने बोलावट थियो। येशूको शक्तिशाली तथा उहाँको व्यक्तित्वको प्रत्यक्ष प्रभाव र उहाँको शक्तिशाली शिक्षाले मानिसहरूलाई येशूका चेलाहरू हुन वाध्य बनायो। यी खण्डहरूमा उल्लेखित 'चेला' भन्ने शब्दले येशूले यो संसारमा गर्नुहुने काममा उहाँसँग हुनुको निम्ति पछ्याउनु भन्ने हुन्छ। चेलाहरूलाई येशूले दिनुभएको बोलावटमा कुनै सामाजिक रोकावटहरू अथवा वाधा-अवरोधहरू थिएनन्। उहाँका चेलाहरूमा पत्रुस, याकूब र यूहन्नाजस्ता पापी मछुवाहरू, सिमोनजस्तो राजनैतिक क्रान्तिकारी र मत्तीजस्तो तुच्छ कर उठाउने व्यक्तिहरू थिए।

२. येशू ख्रीष्टको साँचो चेलाले येशू ख्रीष्टबाट सिक्छ

लूका ६:४० पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेला भनेको के हो?

टिप्पणी - यो खण्डअनुसार 'चेला' भन्ने शब्दको अर्थ सिक्ने व्यक्ति, विद्यार्थी अथवा सिकारु भन्ने हुन्छ। साँचो चेला शिक्षक अथवा समूहको अगुवा हुनुभन्दा पहिले सिक्ने व्यक्ति हुनैपर्छ भनी येशूले सिकाउनुहुन्छ। प्रशिक्षक हुनुभन्दा पहिला ऊ प्रशिक्षार्थी हुनैपर्छ!

चेलाले हेरेर, सुनेर अनि अनुकरण (नकल) गरेर सिक्दछ (यूहन्ना १३:१३-१५; मत्ती ४:२३; ११:२८-३०; प्रेरित ४:१३; फिलिप्पी ४:९-१२)। येशूलाई पछ्याउँदै गर्दा उसले सिक्दछ। उसले येशूको जीवन र सेवकाइलाई नजिकबाट अवलोकन गर्दछ। उसले येशू ख्रीष्ट र उहाँका प्रेरितहरूका शिक्षा र उदाहरणहरूबाट सिक्दछ। येशूको शिक्षाहरू अभ्यास गरेर पनि उसले सिक्दछ। यसरी उसले अझ धेरै अनुभवहरू प्राप्त गर्दैजान्छ।

३. येशूको साँचो चेलाले व्यक्तिगतरूपमा येशू ख्रीष्टमा विश्वास गर्दछ

यूहन्ना ३:१६-२१ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - चेलाले केवल येशू नाउँ भएको विशेष शिक्षकलाई पछ्याउने काम मात्र गर्दैन तर उसले आफ्नो सारा समझ र हृदयले येशू ख्रीष्टमा विश्वास गर्दछ। येशू ख्रीष्ट परमेश्वर हुनुहुन्छ अनि उहाँले मानव स्वभाव धारण गरेर पृथ्वीमा मानिसहरको माझमा जिउन आउनुभयो भनी उसले विश्वास गर्दछ। आफू धर्मी ठहरिएको छु र अनन्त जीवन पाएको छु भनी उसले विश्वास गर्दछ। येशू ख्रीष्ट संसारको ज्योति हुनुहुन्छ भनी उसले विश्वास गर्दछ र उसले त्यो ज्योतिलाई पछ्याउँछ र त्यही ज्योतिमा बस्दछ।

४. साँचो चेलाले येशू ख्रीष्ट र उहाँको शिक्षालाई पालना गर्दछ

यूहन्ना ८:३१-३२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - येशू ख्रीष्टको चेलाले न आफूलाई मन पर्ने कुरामा विश्वास गर्छ न त आफूलाई मन परेको काम गर्छ तर उसले येशू ख्रीष्टका शिक्षाहरूमा विश्वास गर्छ र येशू ख्रीष्टकै शिक्षाहरूप्रति आज्ञाकारी हुन्छ। येशू ख्रीष्टको शिक्षाहरूमा आज्ञाकारी हुने कुराले गरिब, अत्याचारमा परेका र दरिद्रहरूप्रतिको सामाजिक क्रियाकलापहरूलाई समेट्छ (मत्ती २५:३४-३६; याकूब १:२७ सँग तुलना गर्नुहोस्)।

५. येशूको साँचो चेला सेवक हो

यूहन्ना १२:२६; १३:१२-१७ (मर्कूस १३:३४; १ कोरिन्थी ३:९) पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - चेलापनको बोलावट भनेको पृथ्वीमा येशू ख्रीष्टसँग रहेर उहाँको काम गर्ने बोलावट हो। हरेक विश्वासीले पृथ्वीमा परमेश्वरको राज्यको निम्ति आफूलाई तोकिएको काम पाउँदछ। सेवकको अर्को विशेषता भनेको अरू मानसिहरूले गर्न नचाहने अथवा गर्न नसक्ने काम आफूले गर्न इच्छुक हुनु हो। त्यतिमात्र होइन चेलाले त्यतिबेलाको समयमा घरको सबै भन्दा सानो दासले गर्ने काम पनि गर्न इच्छुक हुन्छ; जस्तै यात्रुहरूको फोहोर गोडा धोइदिनु।

६. येशूको साँचो चेलाले उसको सम्बन्धहरूमा प्रेम देखाउँछ

यूहन्ना १३:३४-३५ (१ कोरिन्थी १३:४-८) पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - यस किसिमको प्रेम येशूको प्रेमजस्तै स्वयम् बलिदानपूर्ण र निस्वार्थी हुन्छ। प्रेम धिरजी र दयालु हुन्छ, प्रेम नम्र, विनयी र उदार हुन्छ। प्रेममा असल आचरणहरू र आत्म-संयम हुन्छ। प्रेमले क्षमा दिन्छ अनि अरू मानिसहरूको उन्तति प्रगितमा आनन्दित हुन्छ। प्रेमले मानिसहरूमाथि भरोसा गर्छ र परमेश्वरले परिस्थितिहरू परिवर्तन गर्न सक्नुहुन्छ भनी आशा गर्दछ। प्रेम मानिसहरूप्रति असल गर्न लगनशील हुन्छ र मानिसहरूलाई यसरी प्रभाव पार्दछ, कि तिनीहरू परमेश्वर र अरूहरूको निम्ति उत्तम व्यक्तिहरू हुन सकून्।

७. येशूको साँचो चेला येशू ख्रीष्टमा रहन्छ

यूहन्ना १५:५-६ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - येशूमा रहनु भनेको उक्त व्यक्तिले येशू ख्रीष्टलाई आफ्नो हृदय र जीवनमा ग्रहण गर्नु हो। साँचो चेलाले येशू ख्रीष्ट र बाइबलसँग आफ्नो व्यक्तिगत सम्बन्ध कायम राख्न प्रयत्न गर्दछ। उसले आफूलाई र आफ्नो सम्पूर्ण जीवनलाई येशू ख्रीष्ट र उहाँका शिक्षाहरूप्रति समर्पित गर्दछ। तर ख्रीष्टसँगको यो सम्बन्ध सतही र देखावटी होइन, साँचो हुनुपर्छ। जजसको येशू ख्रीष्टसँग बाहिरी देखावटी सम्बन्ध मात्र हुन्छ, तिनीहरूलाई आगोको भट्टीमा फालिनेछ।

८. येशूको साँचो चेला येशू ख्रीष्टको वचनहरूद्वारा नियन्त्रित र रूपान्तरित भएको हुन्छ

यूहन्ना १५:७क पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - येशू ख्रीष्टको वचनहरूले नयाँ चेलालाई धोएर सफा पार्दछ (धर्मी ठहऱ्याउँछ) (यूहन्ना १५:३)। येशू ख्रीष्टको वचनहरूले चेलाको समझ, हृदय र व्यवहारलाई यसरी नियन्त्रण र प्रभाव पार्नु पर्दछ, ताकि ऊ निरन्तर परिवर्तन हुँदैगएर स्थायीरूपमा असल हुने गरी बदलिन्छ (यूहन्ना १५:७)।

९. येशूको साँचो चेलाले येशू ख्रीष्टको वचनअनुसार प्रार्थना गर्दछ

यूहन्ना १५:७ख, १६ख पढ्नुहोस् (१ यूहन्ना ५:१४ सँग तुलना गर्नुहोस्)।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?

१०. येशूको साँचो चेलाले रहिरहने थुप्रै फल फलाउँछ

यूहन्ना १५:८,१६क पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - यहाँ मुख्य पाठ भनेको कुनै चेला ख्रीष्टमा रहन्छ भने मात्र उसले आत्मिक फल फलाउनेछ भन्न हो। थुप्रै फल अनि रहिरहने फल फलाएर नै इसाईले आफूलाई ख्रीष्टको साँचो चेला हुँ भनी देखाउँछ। बाइबलमा फलको फरक-फरक अर्थहरू छन्:

- सुसमाचार प्रचारबाट उत्पन्न हुने फल भनेको जीवन परिवर्तन भएका नयाँ विश्वासीहरू हुन् (कलस्सी १:६)।
- साँचो जीवन परिवर्तनबाट उत्पन्न हुने फल भनेको नयाँ जीवनशैली अथवा असल कामहरू हुन् (मत्ती ७:१५-२३; लूका ३:८-१४)।
- चेलाहरू बनाउँदा उत्पन्न हुने फल भनेको रहिरहने फल हो, जसले परिपक्व र लगनशील इसाईहरूलाई बुझाउँछ (यूहन्ना १५:१६)।
- पवित्र आत्माबाट इसाईमा उत्पन्न हुने फल भनेको इसाई चरित्र हो (गलाती ५:२२-२३)।

ख्रीष्टमा रहिरहेर चेलाहरूले प्रशस्त फल फलाउँछन्। परमेश्वरले छिवँल्नुभएपछि चेलाहरूले अझ धेरै फल फलाउँछन्! यो छिवँल्नु भनेको परमेश्वरको हप्काइ, सच्याउने काम र अनुशासन हो, जुन परमेश्वरले विश्वासीको जीवनमा दु:ख-कष्ट अथवा सतावट आउनदिनुभएर गर्नुहुन्छ। नयाँ विश्वासीहरूलाई निरन्तर वास्ता गरेर अनि निर्माण गरेर चेलाहरूले रहिरहने फल फलाउँछन्, जसको मतलब ती नयाँ विश्वासीहरू परिपक्व हुँदैजान्छन् र तिनीहरू आफ्ना विश्वासमा लगनशील भएर लागिरहन्छन्।

बिउ छर्ने किसानको दृष्टान्तमा येशूले सिकाउनुहुन्छ, कि केही चेलाहरूले उहाँको वचनमा १०० गुणा फल फलाउँछन्, अरूहरूले ६० गुणा र अझ अरूहरूले ३० गुणा फल फलाउँछन् भनी सिकाउनुहुन्छ (मत्ती १३:२३)। यस्तो किन हुन्छ भने सबै इसाईहरूले बराबरीरूपमा पश्चाताप गर्दैनन्, बराबर विश्वासयोग्य हुँदैनन्, बराबर भरोसायोग्य हुँदैनन् अथवा बराबर

सहासी हुँदैनन्; त्यसै गरी सबै इसाईहरू सुसमाचार प्रचार र अरूहरूलाई चेलाहरू बनाउने काममा बराबर मात्रामा जोशिलो र उत्पादनशील हुँदैनन्; अनि सबै इसाईहरूसँग उस्तै परिस्थितिहरू, कामहरू अथवा आत्मिक वरदानहरू हुँदैनन्।

११. येशूको साँचो चेलाले चरित्र निर्माण तालिम सिक्छ र त्यसलाई ग्रहण गर्छ

लूका ६:३९-४२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - चेलाले अरूलाई परिवर्तन गर्नुभन्दा पहिले आफै परिवर्तन हुन परमेश्वरबाट सिक्नुपर्छ। अरूहरूलाई सच्याउनुभन्दा पहिले उसले आफ्नो कमजोरीहरू र असफलताहरूमाथि ध्यान दिन्छ। चेलाको लक्ष्य भनेको उसको चरित्र अथवा व्यक्तित्व र व्यवहारमा ख्रीष्टजस्तै हुँदैजानु हो।

१२. येशूको साँचो चेलाले आफूलाई इन्कार गरेर स्वयम् बलिदान भएर देखाउँछ

लूका ९:२३-२६ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - ख्रीष्टको प्रचार गर्दा आउनसक्ने तिरस्कार, शर्म र दु:ख-कष्टलाई स्वीकार गर्दै उसले हरेक दिन ख्रीष्टको महिमा गर्न मात्र आफूलाई समर्पण गर्नु पर्दछ।

१३. येशूको साँचो चेलालाई सङ्घर्ष, तिरस्कार र दु:ख-कष्टप्रति समर्पित हुन बोलावट भएको छ

लूका ९:५७-५८ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - पहिलो आकांक्षी चेला बोलावटबिना नै येशू ख्रीष्टलाई पछ्याउन चाहन्थ्यो। ऊ येशूलाई पछ्याउन अति नै उत्सुक थियो तर उसले चेलापनको मूल्य चुकाउने कुरालाई वास्ता गरेन। उसले थुप्रै मानिसहरूले येशूलाई पछ्याइरहेको, आश्चर्यकर्महरू भइरहेको र मानिसहरूमा जोश र उत्साह देख्यो अनि ती सबै क्रियाकलापहरूको केन्द्रमा हुनुहुने येशूसँग नजिकमा रही सहकार्य गर्न चाहन्थ्यो। तर सुसमाचारको पुस्तकहरूको कथाहरू अघि बढ्दैजाँदा यहूदाले येशूलाई तिरस्कार गऱ्यो (यूहन्ना ५:१८), गालिलीहरूले उहाँलाई त्यागे (यूहन्ना ६:६६), गदरिनीहरूले उहाँलाई तिनीहरूको इलाका छोडेर जानुहोस् भनी विन्ती गरे (मत्ती ८:३४), सामरियाले उहाँलाई वास बस्नको निम्ति ठाउँ दिन पनि मानेन (लूका ९:५३), पृथ्वीले उहाँलाई राख्न चाहेन (मत्ती २७:२३) र अन्तमा स्वर्गले पनि उहाँलाई त्यागिदियो (मत्ती २७:४६)। स्थायी चेलापनले सङ्घर्ष, तिरस्कार र दु:ख-कष्टप्रति सङ्केत गर्छ। वास्तवमा चेलापनको मूल्य त्यही हो (लूका १४:२५-३०)।

१४. येशूको साँचो चेलालाई बिनासर्त येशूको आज्ञा पालन गर्न समर्पित हुनको निम्ति बलोइएको छ

लूका ९:५९-६० पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - दोस्रो आकांक्षी चेलाले आफ्नै सर्तहरूअनुसार येशू ख्रीष्टलाई पछ्याउन चाहन्थ्यो। ऊ येशू ख्रीष्टको सर्तहरूअनुसार उहाँलाई पछ्याउन तयार थिएन! एकातर्फ ऊ प्रेरितहरूजस्तै गरी येशूको नजिकको अनुयायी हुन चाहन्थ्यो भने अर्कोतर्फ उसले येशूलाई पछ्याउनको निम्ति सर्त राख्यो। ऊ पहिले गएर भर्खरै मरेको पितालाई गाड्न चाहन्थ्यो। येशूले उक्त विशेष मानिसको दिमागमा उहाँ सार्वभौम प्रभु हुनुहुन्छ अनि योग्यता, अवस्था र आरक्षणबिना नै पूर्णरूपमा उहाँप्रति आज्ञाकारी हुनुपर्छ भन्ने तथ्यले छाप पार्न चाहनुहुन्थ्यो। त्यो मानिसले परमेश्वरको राज्य र परमेश्वरको आत्मिक परिवार भनेको सांसारिक पारिवारिक बन्धनभन्दा बढी महत्वपूर्ण हुन्छ भनी बुझेको उहाँ चाहनुहुन्थ्यो। येशूले यो कुरा उक्त विशेष किसिमको आकांक्षी चेलालाई भन्दैहुनुहुन्छ तर सुन्ने हरेक व्यक्तिको लागि होइन भन्ने कुरा याद गर्नुहोस्। इसाईहरूले आफ्ना आमाबुबाको प्रवन्ध गर्नुपर्दैन भनी येशूले भन्नु हुन्न (यूहन्ना १९:२६-२७ सँग तुलना गर्नुहोस्) अथवा आमाबुबाको अन्तिम संस्कारलाई वास्ता गर्नुपर्दैन भनी उहाँले भन्नु हुन्न (मत्ती २६:१२ सँग तुलना गर्नुहोस्)। तर इसाईले आफ्ना आमाबुबाभन्दा बढी येशूलाई बढी प्रेम गर्नुपर्छ भनी उहाँले भन्नुहुन्छ। चेला बिनासर्त येशूप्रति आज्ञाकारी हुनैपर्छ।

१५. येशूको साँचो चेला येशूलाई पछ्याउन कहले पनि फर्किदिँन भनी समर्पण गर्न बोलाइएको छ

लूका ९:६१-६२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - तेस्रो आकांक्षी चेलाले येशू ख्रीष्टलाई पछ्याउन चाहन्थ्यो तर ऊ आफ्नो परिवार, मित्रहरू र सांसारिक आकंक्षाहरूलाई त्याग्न चाहँदैनथ्यो। सायद उसले आफूलाई राम्रोसँग जानेको थिएन होला। येशूले उसको हृदय देख्न सक्नुहुन्थ्यो, जुन स्वयम् उसले हेर्न सक्दैनथ्यो (यूहन्ना २:२५ सँग तुलना गर्नुहोस्)। येशू उसको हृदय खोजी गर्न र उसको दिमाग पढ्न सक्षम हुनुहुन्थ्यो। उक्त आकांक्षी चेला घर पुगेपछि त्यहीँ बस्नेछ र येशूकहाँ फर्केर आउनेछैन भनी उहाँलाई राम्रैसँग थाहा थियो। येशूले भन्नुहुन्छ, कि इसाईले येशूलाई पछ्याउने काम छोडेर कहिल्यै पछाडि फर्किनुहुँदैन। साँचो चेलाले कहिले पनि पछाडि फर्केर हेर्दैन अथवा ऊ पुरानो जीवनको पछि लाग्दैन।

१६. येशूको साँचो चेलाले अरू कुनै सम्बन्धभन्दा बढी येशू ख्रीष्टलाई प्रेम गर्छ

लूका १४:२६ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - चेलाले ख्रीष्टलाई आफ्ना आमाबुबा, आफ्नो परिवार र आफूभन्दा पनि माथि राख्छ। यसको मतलब चेलाले आफ्नो आमाबुबा र परिवारलाई घृणा गरी तिनीहरूलाई त्याग्छ र तिनीहरूलाई बिर्सिदिन्छ भन् खोजेको होइन। आफ्ना आमाबुबाको वास्ता गर्नू, पत्नीलाई प्रेम गर्नू र छोराछोरीलाई प्रभुको शिक्षामा हुर्काउनू भनी बाइबलले आज्ञा दिँदछ; त्यतिमात्र होइन, आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर्नू भनेर पनि बताउँछ। यो सन्दर्भमा 'घृणा गर्नु' भनेको कम ठान्नु मात्र हो (मत्ती १०:३७)। यदि परिवारको सदस्य र येशू ख्रीष्टमध्ये एउटालाई रोज्नुपर्ने भयो भने परिवारको सदस्यको चाहना जतिसुकै प्रवल भए तापनि त्यसलाई तिरस्कार गर्नैपर्छ। चेलाको सर्वोच्च वफादारी येशू ख्रीष्टप्रति हुनुपर्छ र अरू कुनै सम्बन्धले यसलाई प्रतिस्थापित गरिनु हुँदैन। चेलाले येशू ख्रीष्टलाई प्रभु र अगुवाको रूपमा बिनासर्त रोज्दछ। त्यसकारण, चेलाले येशू ख्रीष्टप्रतिको वफादारी र भक्तिको तुलनामा अरू सबै वफादारी र सम्बन्धहरूलाई दोस्रो दर्जाको ठान्दछ।

१७. येशूको साँचो चेलाले आफू समर्पित इसाई भएकोले बलिदान, तिरस्कार र दु:ख-कष्टलाई स्वीकार गर्छ

लूका १४:२७ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - 'आफ्नो क्रूस बोक्नु'को साँचो अर्थ यही हो।

१८. येशूको साँचो चेलाले येशू ख्रीष्टलाई सबै कुराहरू र यो संसारको महत्वाकांक्षाहरूभन्दा माथि राख्दछ

लूका १४:३३ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - ख्रीष्टलाई पछ्याउनको खातिर चेला हरेक कुरा त्याग्न इच्छुक हुन्छ। रूपैयाँ-पैसा, सफलता, ख्याति र शक्तिप्रतिको प्रेमलाई उसले ख्रीष्टको चेला हुनबाट अयोग्य तुल्याउन अनुमति दिँदैन। यदि रुपैयाँ-पैसा, सफलता, शक्ति र ख्याति एकातर्फ अनि ख्रीष्टलाई पछ्याउने अर्कोतर्फ छ, र यी दुईमध्ये एउटा कुरा रोज्नु पऱ्यो भने धन-सम्पत्तिको आकर्षण र सांसारिक सफलतालाई तिरस्कार गर्नुपर्छ। चेलाको सर्वोच्च समर्पणता येशू ख्रीष्टप्रति हुनुपर्छ र अरू कुनै समर्पणताले यसलाई प्रतिस्थापित गर्नु हुँदैन।

१९. येशूको साँचो चेला हुनु भनेको येशू ख्रीष्टको गवाही हुनु हो

लूका २४:४५-४८ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - चेलाहरूलाई अन्तर्दृष्टिको विश्वासयोग्य मध्यस्थकर्ताहरू अथवा परम्परा वाहकको रूपमा हेरिएको थएन। तिनीहरू साधारणरूपमा ख्रीष्टका आज्ञाकारी गवाहीहरू थिए। तिनीहरू कहिले पनि बुद्धिमान् दर्शनशास्त्रीहरू अथवा

व्यवस्थाका ज्ञान पाएका शिक्षकहरू भएनन् तर तिनीहरू साना बालकहरूझैँ थिए, जसलाई परमेश्वरले आफ्नो प्रकाश दिनुभयो (मत्ती ११:२५-२७)। तिनीहरू सानो बगाल थिए, जसलाई राज्य दिन परमेश्वर प्रसन्न हुनुहुन्थ्यो (लूका १२:३२; मत्ती ५:१० सँग तुलना गर्नुहोस्)।

२०. येशूको साँचो चेला येशू ख्रीष्टको अपमान र दु:ख भोग्न इच्छुक हुन्छ

मत्ती १०:२४-२५ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - येशूका विरोधीहरूले उहाँलाई 'दुष्टलाई चलाउने औजार; (मत्ती १२:२४-२७), 'भूत लागेको र पागल' (यूहन्ना १०:२०) र 'व्यक्तिमा हुने दुष्ट' (मत्ती १०:२५) भने। मानिसहरूले येशूलाई जसरी व्यवहार गरेका थिए, तिनीहरूले चेलाहरूलाई पनि त्यसरी नै व्यवहार गर्नेछन्। मानसिहरूले चेलाहरूलाई पनि गलत किसिमले बुझ्नेछन्, गलत व्याख्या गर्नेछन् र तिनीहरूलाई दुर्व्यवहार गर्नेछन् (मत्ती ५:१०-१२; २ तिमोथी ३:१२)।

२१. येशूको साँचो चेलाले राज्यको सत्यताहरू जीवनमा लागु गर्दछ

मत्ती १३:५२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - "स्वर्गको राज्यको शिक्षा पाएको" भन्ने वाक्यांशको शाब्दिक अर्थ "राज्यको मामिलामा चेला बनाइएको" भन्ने हुन्छ। येशूको चेलाले 'परमेश्वरको राज्यको' बारेमा येशू ख्रीष्टले दिनुभएको शिक्षाहरू बुझ्दछ र त्यसलाई अभ्यास गर्दछ। उसलाई मत्ती ५ देखि ७ अध्यायसम्म सिकाइएअनुसार जिउनको लागि सिकाइएको र तालिम दिइएको हुन्छ ताकि उसले मत्ती १३ अध्यायको दृष्टान्तअनुसार राज्यको प्रगतिमा सेवा गरोस् र मत्ती १८ र १९ अध्यायहरूमा सिकाइएअनुसार राज्यको मनोवृत्ति र सम्बन्धहरू राखोस्। उसको भण्डार परमेश्वरको राज्यको अनन्त सत्यताहरू भएको खजाना अर्थात् सम्पत्तिहरूले भरिएको हुन्छ। उसले आफ्नो भण्डारबाट प्रशस्तसँग राज्यको सत्यताहरू बाँड्दछ। राज्यका ती सत्यताहरू केवल प्राचीन र प्रमाणित मात्र छैनन् तर त्यसमा जीवनको सबै पक्षहरूमा लागु गर्ने ताजा प्रयोगहरू र फरक-फरक परिस्थितिहरूमा जिउने मानिसहरूको लागि उपयोगी छन्। येशूका चेलाहरू यस युगका साँचा 'शिक्षकहरू' हुन् (मत्ती २३:३४)। तिनीहरू राज्यको अर्थ खोल्ने र यो संसारमा परमेश्वरको सार्वभौम शासनको वास्तविकतालाई चिनाउनेहुरू व्यक्तिहरू हुन्।

२२. येशूको साँचो चेला चेलाहरू बनाउने काममा सहभागी हुन्छ

मत्ती २८:१८-२० पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?
टिप्पणी - उसले आफ्नो छिमेकमा बस्ने मानिसहरू र संसारका अरू जातिका मानिसहरूकहाँ गएर ख्रीष्टको शिक्षाहरू सिकाउने अनि उहाँप्रति आज्ञाकारी हुन लगाउने काममा पहल गर्दछ। प्रेरितको पुस्तकमा हेर्ने हो भने 'विश्वासप्रतिको आज्ञाकारिता' चेलाहरूको विशिष्ठ विशेषता थियो (प्रेरित ६:७)। प्रेरित पावलको काम पनि त्यही थियो। रोमी १:५ मा हामी यसरी पढ्छौँ, "उहाँका नाउँको खातिर विश्वासद्वारा आउने आज्ञापालन सबै जातिहरूका बीचमा ल्याउनलाई हामीले उहाँद्वारा अनुग्रह र प्रेरितको काम पाएका छौं।" यो पनि येशू ख्रीष्टको चेलाहरूको काम हो। येशूका चेलाहरूले सुसमाचारको घोषणा गरेर सबै राष्ट्रका मानिसहरूलाई येशू ख्रीष्टमा विश्वास गर्न र उहाँप्रति आज्ञाकारी हुनको निम्ति अगुवाइ गर्ने गर्दछन् (रोमी १६:२५-२६)। येशू ख्रीष्टको शिक्षाहरूप्रति आज्ञाकारी हुनुले गरिब, अत्याचारमा परेका र दरिद्रहरूप्रतिको सामाजिक क्रियाकलापहरूलाई समेट्दछ (मत्ती २५:३४-३६; याकूब १:२७ सँग तुलाना गर्नुहोस्)।

२३. येशूको साँचो चेलाले पवित्र आत्माको उपस्थिति र क्रियाकलापको प्रमाण दिँदछ

प्रेरित ५:३२ पढ्नुहोस्।

पत्ता लगाउनुहोस् र छलफल गर्नुहोस् - येशू ख्रीष्टको साँचो चेलाको खास विशेषता के हो?

टिप्पणी - अन्तमा गएर पावललाई साँचो चेलाको रूपमा स्वीकार गरियो किनभने तिनले येशूमाथि विश्वास गऱ्यो र साथै तिनी पवित्र आत्माले भरिए (प्रेरित ९:१७,२६-२७)। पवित्र आत्मा चेलाहरूमा सदासर्वदा वास गर्नुहुन्छ (यूहन्ना १४:१६-१७)। उहाँले येशू ख्रीष्टको महिमा गर्नुहुन्छ अनि येशू ख्रीष्टको काम गर्नको निम्ति चेलाहरूलाई सामर्थ्यवान तुल्याउनुहुन्छ (यूहन्ना १६:१३-१५)। पवित्र आत्माविना चेलाहरू कुनै पनि हालतमा साँचो चेला हुन सक्दैनन् (प्रेरित १९:१-२)।

५	**प्रार्थना** (८ मिनेट) [प्रतिक्रियाहरू] **परमेश्वरको वचनप्रति प्रतिक्रिया जनाउने प्रार्थना**

समूहमा पालैपालो गरी तपाईंले आज के सिक्नुभएको छ, त्यसबारे प्रतिक्रियात्मकरूपमा परमेश्वरसँग छोटो प्रार्थना गर्नुहोस्। अथवा दुई वा तीन जनाको समूहमा विभाजन भएर तपाईंले आज जे सिक्नुभएको छ, सोबारे परमेश्वरसँग प्रतिक्रिया जनाउँदै प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको निम्ति तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा** - तपाईंका समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेख्न लगाउनुहोस् वा उनीहरूलाई यसको प्रतिलिपि बनाउन लगाउनुहोस्।)

१६. **प्रतिवद्धता -** चेलाहरू बनाउनको निम्ति प्रतिवद्धता जनाउनुहोस्। चेलाको विशेषता'को बारेमा अर्को व्यक्तिलाई अथवा मानसिहरूको समूहमा प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा अध्ययन गर्नुहोस्।

१७. **परमेश्वरसँगको व्यक्तिगत समय -** प्रत्येक दिन एक अध्याय पढेर विद्यार्थीहरूलाई परमेश्वरसँग व्यक्तिगत समय बिताउन लगाउनुहोस् (रोमी १३-१६ अध्याय)। पढेको खण्डबाट आफूलाई मनपर्ने सत्यता पत्ता लगाउने तरिका प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

१८. **बाइबल अध्ययन -** घरमा अर्को बाइबल अध्ययन तयार पार्नुहोस्। २ कोरिन्थी ६:१४-७:१, विषय: नमिल्ने जुवाको सम्बन्धहरूको विशेषतालाई केले चित्रण गर्छ? बाइबल अध्ययनको पाँच वटा चरणहरूको प्रयोग गर्न लगाउनुहोस्। टिप्पणीहरू बनाउनुहोस्।

१९. **प्रार्थना -** कुनै विशेष व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता निर्दिष्ट भएर प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्दैहुनुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।

२०. **चेलाहरू बनाउने विषयमा तपाईंको कापीलाई अद्यावधिक बनाउनुहोस्।** आराधनाको टिप्पणी, परमेश्वरसँग तपाईंले व्यक्तिगत समय बिताउँदा बनाएको टिप्पणी, शिक्षा दिँदा बनाएको टिप्पणी र यो तयारीलाई सङ्लग्न गर्नुहोस।